मिति: माघ ११, २०८०

# नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार

## प्रेष नोट

## अर्थशास्त्र केन्द्रीय बिभाग

अर्थतन्त्रको आकार र आर्थिक विकासको स्थिति जस्तोसुकै अवस्थामा भए पनि अनौपचारिक अर्थतन्त्र सबैका लागि चिन्ताको विषय हो। यसको आकारले आर्थिक-सामाजिक अवस्था वा विकास, राष्ट्रिय लेखा र सार्वजनिक वित्त जस्ता क्षेत्रहरुमा महत्त्वपूर्ण प्रभाव पार्दछ । अनौपचारिक अर्थतन्त्र वा रेकर्ड नगरिएका आर्थिक गतिविधिहरू देश-देश, क्षेत्र-क्षेत्र, गतिविधि-गतिविधि, समय-समय, सरकारी नीतिहरुको पटक पटकको फेर बदल, वा खुला वा नियन्त्रित अर्थतन्त्र अनुसार फरक फरक  हुन्छन्।

अनौपचारिक अर्थतन्त्रलाई आर्थिक अध्ययन क्रममा छाया, भूमिगत, कालो, लुकेको, अनौपचारिक, समानान्तर, रिपोर्ट नगरिएको, वा रेकर्ड नगरिएको अर्थतन्त्र जस्ता विभिन्न नामहरूवाट सम्बोधन गर्ने प्रयत्न गरिएको देखिन्छ तर ती सबैको समान अर्थ होइन । मापन गर्ने बिधि पनि समान छैनन । ति सबै कुरा एउटै हुदै होइनन । अर्थतन्त्र भित्र ति सबैका एउटै वा समान आकार हुदैनन । एउटै तरिकाले वा परिभाषाले ब्याख्या गरियो भने गलत हुन्छ । गलत बुझाइ हुन्छ । गलत सम्प्रेषण हुन्छ । तसर्थ अनौपचारिक अर्थव्यवस्थाको बारेमा चर्चा गर्दा बढी सम्बेदनशील हुन आवस्यक छ ।

**यस अध्ययनमा, अनौपचारिक अर्थतन्त्रको आकार मापन गर्दा निम्न तत्व वा पक्षहरु समावेस गरिएका छन्:**


- व्यक्तिहरूले आफैका लागि रोजगारी र आय सिर्जना गर्न, आफैका लागि वस्तु तथा सेवाहरू उत्पादन गर्न र उपभोग गर्न, घरपरिवार भित्र आफ्नै लागि प्रयोग वा उपभोगका लागि उत्पादन गरिएका वस्तु र सेवाहरू।
- स-साना उत्पादन एकाइहरू जसमा प्रयोग भएका उत्पादनका साधनहरु जस्मा श्रम र पूँजी बिचको स्पष्ट भिन्नता देखाउन जटिल हुन्छ ।  मूलतः एक वा दुई व्यक्तिहरुवाट उत्पादित बस्तु वा सेवाहरु ।
- उत्पादन एबं रोजगारीसँग सम्बन्धित गलत रिपोर्टिङ भएका, आम्सिकरुपमा रेकर्ड गरिएका वा रेकर्ड नगरिएका वा नभएका, कानूनीरुपले बैध वा कानूनीरुपले अबैध नभनिएका वा भनिएका आर्थिक गतिविधिहरु, वा बस्तु वा सेवाहरु।
- वैध, वा कानुनले अबैध नभनेका वा अवैध कानुनी गतिविधिहरूको परिणामस्वरूप अप्रकाशित वा पत्ता नलागेको आय,  मौद्रिक, वा गैर-मौद्रिक लेनदेनबाट प्राप्त आय, जानेर वा नजानेर छुटाएका करहरु, सामान्यत: सरकारी निकायमा दर्ता भएको भए कर तिर्नु पर्थ्यो तर जानेर वा नजानेर दर्ता नगरिएको वा दर्ता भएर पनि कर नतिरिएको, बजार-र गैर-बजारमा आधारित बस्तु वा सेवाको उत्पादनहरु, विद्यमान करको दायरामा नपरेको वा व्यक्ति वा संस्थाले जानेर वा नजानेर दयारा भित्र नपारेको ।

- कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को अनुमानमा समावेस भएका वा केहि कारणबस छुटेका वा कम अनुमान हुन गएका वस्तु वा सेवाहरु ।

यस अध्ययनमा मुद्रा माग विधि (CDM) र राष्ट्रिय लेखा विधि प्रयोग गरेर अनौपचारिक अर्थतन्त्रको आकार अनुमान गरिएको छ । यी दुवै विधिका आ-आफ्नै सिमा र सबलताहरु छन् । औपचारिक र अनौपचारिक अर्थतन्त्रका हिस्साहरु जीडीपीको विस्तृत अनुमानले समेट्दछ । राष्ट्रिय लेखा अनुमान गर्दा अनौपचारिक वा प्रत्येक्ष अवलोकन नभएका आर्थिक गतिविधिहरू अप्रत्यक्ष बिधि प्रयोग गरि मापन गरिन्छ। राष्ट्रिय लेखा अनुमान गर्दा प्रयोग भएका कतिपय विधिहरु सार्वजनिक गरिदैंन वा सार्वजनिक रुपमा पर्याप्त व्याख्या नगरिएको अवस्थामा पूरक अनुमानहरू आवस्यक पर्दछ र गरिन्छ । अनुमानको विश्वसनीयता ल्याउन वा अनुमानमा सुधार गर्न अर्को पुरक बिधि वा इकोनोमेट्रिक मोडेल उपयोग गर्न आवश्यक छ।


अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत जनशक्ति कार्यरत छन् भने ८४.६ प्रतिशत अनौपचारिक रोजगारीमा छन् (Nepal Labor Force Survey/CBS, 2017) निजि क्षेत्रमा रहेका कुल प्रतिष्ठानमध्ये ४९.९ प्रतिशत दर्ता भएका छैनन्। (National Economic Census, 2018). सन् 1991-2015 का लागि नेपालमा अनौपचारिक अर्थतन्त्रका लागि हालैका 'अनुभवजन्य' अनुमानहरू उपलब्ध छन् जसले जीडीपीको २९.८० % देखि ३७.५० % सम्मको दायरा प्रदान गर्दछ (Medina & Schneider/IMF, 2018) । तर पनि अर्थतन्त्रमा परिवर्तन भइरहने हुनाले मुलत: सन् २०१५ पछि अर्थतन्त्रको गतिशीलता परिवर्तन भएकोले नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार मापन गर्न आवश्यक छ ।

चित्र १: राष्ट्रिय लेखा दृष्टिकोणमा आधारित अनौपचारिक अर्थतन्त्रको हिस्सा (2010/11-2020/21)





राष्ट्रिय लेखाले अर्थतन्त्रका सबै पक्षहरु समेट्दै गएको सन्दर्भमा अनौपचारिक अर्थतन्त्रको आकार क्रमश: घट्दो र अन्तिम दुई आर्थिक वर्षमा बढेको छ । तर राष्ट्रिय लेखाले नसमेटेका वा समेट्न नमिल्ने पक्षहरुका सन्दर्भमा अनौपचारिक अर्थतन्त्रको आकार क्रमश: बढ्दो छ ।

चित्र २: मुद्रा माग दृष्टिकोणमा आधारित अनौपचारिक अर्थतन्त्रको हिस्सा (2010/11-2020/21)




चित्र ३: क्षेत्रगत औसतमा अनौपचारिक अर्थतन्त्रको हिस्सा (2010/11-2020/21)




कृषि क्षेत्र (वन र माछा मार्ने समेत) अन्तर्गतका अधिकांश उत्पादन गतिविधिहरू घरपरिवारद्वारा सञ्चालित छन् र त्यसैले अनौपचारिक अर्थतन्त्रको हिस्सा ठुलो छ । हाल जीडीपीमा कृषि क्षेत्रले लगभग २५ % देन दिएको छ ।


अचल सम्पत्ति एबं आवास सेवाको उपभोग र घर जग्गाको कारोवार क्षेत्र अन्तरगत स्वामित्व वा भाडामा दिइएको सम्पत्ति, शुल्क वा सम्झौता अचल सम्पत्तिका गतिविधिहरू, र घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवाहरू समावेश भएका छन् । यस क्षेत्रको प्रकृतिको कारणले गर्दा, अधिकांश हिस्सा घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवाहरू पर्दछन, जसलाई यस अध्ययनमा अनौपचारिक अर्थतन्त्र मानिन्छ। त्यसैगरी, जग्गा कारोवार वा सम्पत्ति अवमूल्यनबाट हुने कर छली ठुलो मात्रामा छ । यो कुरा नेपालमा सामान्य मानिन्छ । जग्गाको खरिद सम्पत्ति लुकाउने मध्यम भएको छ । लुकाइएको सम्पत्ति अनौपचारिक अर्थतन्त्रमा गणना हुन जान्छ । हाल जीडीपीमा यस क्षेत्रले लगभग १० % देन दिएको छ ।

आवास र खाद्य सेवाहरूको क्षेत्र, घरपरिवारद्वारा सञ्चालित लज र चिया पसलहरू धेरै कम मात्रामा सरकारी संस्थामा दर्ता भएका छैन् र त्यसैले यसको अनौपचारिक ठुलो छन्। यस क्षेत्रमा रेस्टुरेन्ट, क्याफेटेरिया, फास्ट फूड रेस्टुरेन्ट, टेक-आउट खाने ठाउँ, मोबाइल फुड कार्ट, बजार स्टलमा खाना तयारी, बार, कफी हाउस, चिया पसल आदिबाट रेस्टुरेन्ट र खाना सेवा गतिविधिहरू खाद्य सेवामा प्रमुख गतिविधिहरू रहेका छन् । कुनै पनि सरकारी संस्थामा दर्ता नभएका घरपरिवारद्वारा सञ्चालित अधिकांश लज र चिया पसलहरू अनौपचारिक छन्। त्यसैगरी, मोबाइल फुड कार्टहरू पनि अनौपचारिक छन्।

चित्र ४: अनुमानका बिधि अनुसार अनौपचारिक अर्थतन्त्रको दायरा (औसतमा)



चित्र ५: IMF अनुमानसँग तुलना (1991-2015)




निष्कर्ष

यस अध्ययनले राष्ट्रिय लेखा र मुद्रा माग दृष्टिकोण प्रयोग गरेर नेपालमा अनौपचारिक अर्थतन्त्रको सम्भावित दायरा प्रस्तुत गरेकोछ। राष्ट्रिय लेखा बिधि अनुसार: आर्थिक वर्ष २०१०/११ – २०२०/२१ सम्म: औसत ४२.६६ % छ। आर्थिक वर्ष २०२०/२१ को मात्र: ३८.६६% मुद्रा माग बिधि अनुसार: आर्थिक वर्ष २०१०/११ – २०२०/२१ सम्म: औसत ४०. ६०%। आर्थिक वर्ष २०२०/२१ को मात्र: ४१.३१ %.।

अर्थतन्त्रको आकार ४०- ४२ % हुनु भनेको धैरै हो। अनौपचारिक अर्थतन्त्रको आकारलाई क्रमश: घटाउदै लैजानु पर्दछ। यो राम्रो नराम्रो ब्याख्या होइन अनौपचारिक अर्थतन्त्रका पनि अर्थतन्त्रमा देनहरु छन्। त्यसलाई मान्यता दिनु पर्दछ। मूल धारमा ल्याउनु पर्दछ।

**सिमाहरु तथा थप अध्ययन**: तथ्याङ्क र विधिहरूमा सीमितताका कारण यस अध्ययनमा उल्लेख गरिएका अनुमानहरूलाई अनौपचारिक अर्थतन्त्रको औसत आकार हो।यस अध्ययनले देखाएको अनौपचारिक अर्थतन्त्रको विस्तारलाई ध्यानमा राख्दै, नेपालको अनौपचारिक अर्थतन्त्रको प्रकृति, प्रकार र कभरेज बुझ्न थप अनुसन्धानको आवश्यकता छ। यस्ता अनौपचारिक लेनदेनहरू व्यापक रूपमा हुने पहिचान गरिएका क्षेत्रहरूको थप निदान गर्न सर्वेक्षणमा आधारित अध्ययनको आवश्यकता छ।

**क्षेत्रगत बिस्तृत विश्लेषण निम्न अनुसार छ ।**

### Table 1a: Formal and informal GVA of the Agriculture, forestry, and fishing industry (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Agriculture, forestry, and fishing | 480326 | 528851 | 557940 | 613094 | 642713 | 665553 | 729269 | 771875 | 832887 | 905344 | 964429 |
| Formal | 7217 | 8607 | 10081 | 13011 | 16751 | 21266 | 27237 | 34037 | 41888 | 53414 | 66488 |
| Informal | 473109 | 520244 | 547859 | 600082 | 625962 | 644287 | 702033 | 737838 | 791000 | 851930 | 897941 |
| Share informal | 98.5 | 98.4 | 98.2 | 97.9 | 97.4 | 96.8 | 96.3 | 95.6 | 95.0 | 94.1 | 93.1 |

### Table 1b: Formal and informal GVA of the Mining and quarrying industry (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Mining and quarrying | 8525 | 9979 | 10567 | 12096 | 12746 | 13582 | 15668 | 18450 | 21999 | 20443 | 21531 |
| Formal | 7929 | 9301 | 9921 | 11442 | 12081 | 12853 | 14983 | 17701 | 21278 | 19752 | 20803 |
| Informal | 596 | 678 | 645 | 654 | 665 | 729 | 685 | 749 | 721 | 691 | 728 |
| share informal | 7.0 | 6.8 | 6.1 | 5.4 | 5.2 | 5.4 | 4.4 | 4.1 | 3.3 | 3.4 | 3.4 |

### Table 1c: Formal and informal GVA of the Manufacturing industry (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Manufacturing | 84150 | 101726 | 112093 | 125294 | 129811 | 127493 | 149416 | 169565 | 192230 | 173861 | 189657 |
| Formal | 70432 | 85346 | 93770 | 105404 | 108776 | 103968 | 124695 | 143345 | 163614 | 143819 | 158443 |
| Informal | 13717 | 16380 | 18323 | 19889 | 21036 | 23525 | 24721 | 26221 | 28616 | 30042 | 31215 |
| share informal | 16.3 | 16.1 | 16.3 | 15.9 | 16.2 | 18.5 | 16.5 | 15.5 | 14.9 | 17.3 | 16.5 |

### Table 1d: Formal and informal GVA of the Electricity, gas, steam, and air conditioning supply industry (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Electricity, gas, steam, and air conditioning supply | 14348 | 16701 | 20091 | 20677 | 21138 | 19004 | 29072 | 30981 | 33859 | 42545 | 45782 |
| Formal | 10941 | 12819 | 16043 | 16705 | 16998 | 15754 | 25908 | 28166 | 31294 | 39504 | 42449 |
| Informal | 3407 | 3882 | 4048 | 3973 | 4139 | 3250 | 3163 | 2816 | 2565 | 3042 | 3333 |
| share informal | 23.7 | 23.2 | 20.1 | 19.2 | 19.6 | 17.1 | 10.9 | 9.1 | 7.6 | 7.1 | 7.3 |

**Table 1e: Formal and informal GVA of the Water supply; sewerage, waste management, and remediation activities (in million Rs.)**

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Water supply; sewerage, waste management, and remediation activities** | 9145 | 9997 | 11029 | 15532 | 17032 | 18238 | 18669 | 19488 | 19724 | 20124 | 20481 |
| **Formal** | 8961 | 9796 | 10807 | 15219 | 16689 | 17871 | 18293 | 19096 | 19353 | 19587 | 19879 |
| **Informal** | 184 | 201 | 222 | 313 | 343 | 367 | 376 | 392 | 372 | 536 | 602 |
| **share informal** | 2.0 | 2.0 | 2.0 | 2.0 | 2.0 | 2.0 | 2.0 | 2.0 | 1.9 | 2.7 | 2.9 |

**Table 1f: Formal and informal GVA of the construction industry (in million Rs.).**

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Construction** | 92666 | 107368 | 115191 | 129233 | 138264 | 151760 | 182976 | 217723 | 234260 | 204862 | 211994 |
| **Formal** | 75684 | 87306 | 93683 | 106596 | 114243 | 124842 | 155021 | 187390 | 203221 | 175658 | 182729 |
| **Informal** | 16983 | 20062 | 21508 | 22637 | 24021 | 26918 | 27955 | 30333 | 31040 | 29204 | 29265 |
| **share informal** | 18.3 | 18.7 | 18.7 | 17.5 | 17.4 | 17.7 | 15.3 | 13.9 | 13.3 | 14.3 | 13.8 |

**Table 1g: Formal and informal GVA of wholesale and retail trade; repair of the motor vehicle and motorcycle industry (in million Rs.)**

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Wholesale and retail trade; repair of motor vehicles and motorcycles** | 220804 | 242672 | 274271 | 313364 | 340847 | 350779 | 401489 | 473652 | 543045 | 519565 | 585013 |
| **Formal** | 184621 | 203110 | 229781 | 264379 | 288574 | 294342 | 341845 | 412296 | 476533 | 446726 | 505376 |
| **Informal** | 36183 | 39562 | 44490 | 48984 | 52274 | 56436 | 59644 | 61355 | 66512 | 72838 | 79637 |
| **share informal** | 16.4 | 16.3 | 16.2 | 15.6 | 15.3 | 16.1 | 14.9 | 13.0 | 12.2 | 14.0 | 13.6 |

## Table 1h: Formal and informal GVA of transport and storage industry (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Transportation and storage** | 77194 | 88359 | 105919 | 118207 | 128037 | 160578 | 184092 | 197866 | 215797 | 179011 | 202662 |
| **Formal** | 76442 | 87513 | 104997 | 117252 | 127085 | 159623 | 183256 | 197112 | 215073 | 178373 | 202068 |
| **Informal** | 753 | 846 | 922 | 955 | 952 | 955 | 836 | 754 | 723 | 638 | 594 |
| **share informal** | 1.0 | 1.0 | 0.9 | 0.8 | 0.7 | 0.6 | 0.5 | 0.4 | 0.3 | 0.4 | 0.3 |

## Table 1i: Formal and informal GVA of Accommodation and food services activities (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Accommodation and food service activities** | 24510 | 28857 | 34778 | 39234 | 45907 | 46276 | 56149 | 67315 | 75650 | 50261 | 58173 |
| **Formal** | 11631 | 14272 | 17973 | 20141 | 24243 | 22016 | 29612 | 38332 | 45360 | 17621 | 23445 |
| **Informal** | 12879 | 14584 | 16805 | 19093 | 21664 | 24260 | 26536 | 28983 | 30290 | 32639 | 34728 |
| **share informal** | 52.5 | 50.5 | 48.3 | 48.7 | 47.2 | 52.4 | 47.3 | 43.1 | 40.0 | 64.9 | 59.7 |

## Table 1j: Formal and informal GVA of information and communication services activities (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Information and communication** | 31436 | 37185 | 40330 | 51016 | 56513 | 60398 | 68468 | 70276 | 74122 | 77166 | 81005 |
| **Formal** | 31388 | 37134 | 40274 | 50953 | 56443 | 60316 | 68374 | 70181 | 74028 | 77070 | 80904 |
| **Informal** | 48 | 50 | 56 | 62 | 70 | 82 | 93 | 95 | 94 | 97 | 101 |
| **share informal** | 0.15 | 0.13 | 0.14 | 0.12 | 0.12 | 0.14 | 0.14 | 0.13 | 0.13 | 0.13 | 0.12 |

## Table 1k: Formal and informal GVA of finance and insurance services activities (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Financial and insurance activities** | 68527 | 74193 | 81161 | 92890 | 107075 | 127485 | 158243 | 186657 | 207134 | 235254 | 256983 |
| **Formal** | 68432 | 74097 | 81057 | 92773 | 106942 | 127325 | 158070 | 186482 | 206961 | 235077 | 256800 |
| **Informal** | 95 | 96 | 104 | 117 | 132 | 159 | 173 | 175 | 173 | 177 | 183 |
| **share informal** | 0.14 | 0.13 | 0.13 | 0.13 | 0.12 | 0.13 | 0.11 | 0.09 | 0.08 | 0.08 | 0.07 |

## Table 1l: Formal and informal GVA of real estate activities (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Real estate activities** | 143470 | 154273 | 174478 | 186189 | 191595 | 216959 | 244110 | 264377 | 295714 | 317011 | 352068 |
| **Formal** | 35 | 38 | 44 | 48 | 52 | 69 | 96 | 116 | 127 | 126 | 149 |
| **Informal** | 143435 | 154235 | 174435 | 186141 | 191544 | 216889 | 244014 | 264261 | 295587 | 316885 | 351919 |
| **share informal** | 99.98 | 99.98 | 99.97 | 99.97 | 99.97 | 99.97 | 99.96 | 99.96 | 99.96 | 99.96 | 99.96 |

## Table 1m: Formal and informal GVA of professional, scientific, and technical activities (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Professional, scientific and technical activities** | 12363 | 14096 | 16255 | 18526 | 20929 | 23294 | 26961 | 29784 | 32722 | 35241 | 39729 |
| **Formal** | 12136 | 13822 | 15883 | 18069 | 20345 | 22530 | 25881 | 28613 | 31467 | 33866 | 38170 |
| **Informal** | 227 | 274 | 372 | 457 | 584 | 765 | 1080 | 1172 | 1255 | 1375 | 1559 |
| **share informal** | 1.8 | 1.9 | 2.3 | 2.5 | 2.8 | 3.3 | 4.0 | 3.9 | 3.8 | 3.9 | 3.9 |

## Table 1n: Formal and informal GVA of administrative and support service activities (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Administrative and support service activities** | 5697 | 6687 | 8403 | 10392 | 12204 | 14920 | 16970 | 19699 | 25471 | 27192 | 28405 |
| **Formal** | 5348 | 6260 | 7769 | 9589 | 11134 | 13482 | 15060 | 17783 | 23085 | 24636 | 25727 |
| **Informal** | 349 | 427 | 634 | 804 | 1070 | 1438 | 1910 | 1916 | 2386 | 2556 | 2679 |
| **share informal** | 6.1 | 6.4 | 7.5 | 7.7 | 8.8 | 9.6 | 11.3 | 9.7 | 9.4 | 9.4 | 9.4 |

## Table 1o: Formal and informal GVA of education (in million Rs.)

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Education** | 75323 | 91215 | 102201 | 126552 | 143095 | 161260 | 197829 | 219544 | 251586 | 288459 | 300358 |
| **Formal** | 75244 | 91117 | 102074 | 126379 | 142875 | 160965 | 197328 | 218990 | 250955 | 287722 | 299579 |
| **Informal** | 78 | 99 | 127 | 173 | 220 | 295 | 501 | 554 | 631 | 737 | 779 |
| **share informal** | 0.10 | 0.11 | 0.12 | 0.14 | 0.15 | 0.18 | 0.25 | 0.25 | 0.25 | 0.26 | 0.26 |

**Table 1p: Formal and informal GVA of human health and social work activities (in million Rs.)**

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Human health and social work activities** | 16885 | 19944 | 21280 | 26740 | 31997 | 33187 | 41455 | 44062 | 49776 | 60328 | 64643 |
| **Formal** | 16855 | 19905 | 21229 | 26671 | 31908 | 33072 | 41265 | 43865 | 49560 | 60072 | 64377 |
| **Informal** | 30 | 38 | 50 | 68 | 89 | 115 | 190 | 197 | 215 | 256 | 267 |
| **share informal** | 0.18 | 0.19 | 0.24 | 0.26 | 0.28 | 0.35 | 0.46 | 0.45 | 0.43 | 0.43 | 0.41 |

**Table 1q: Formal and informal GVA of Arts, entertainment, and recreation; other service activities; and Activities of households as employers; undifferentiated goods- and services-producing activities of households for own use activities (in million Rs.)**

| Industry | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Arts, entertainment, and recreation; Other service activities; and Activities of households as employers; undifferentiated goods- and services-producing activities of households for own use** | 6664 | 7710 | 8679 | 9948 | 11654 | 12811 | 14787 | 16050 | 17933 | 21364 | 22892 |
| **Formal** | 4254 | 4969 | 5597 | 6414 | 7518 | 8305 | 9635 | 10528 | 12345 | 15089 | 16637 |
| **Informal** | 2411 | 2742 | 3082 | 3533 | 4136 | 4507 | 5152 | 5522 | 5588 | 6275 | 6256 |
| **share informal** | 36.2 | 35.6 | 35.5 | 35.5 | 35.5 | 35.2 | 34.8 | 34.4 | 31.2 | 29.4 | 27.3 |